आज मिति २०८२ साल फाल्गुन २९ गते शुक्रवारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को १६ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

श्री बेचन प्रसाद मेहता -अध्यक्ष

श्री कुमारी विभा यादव -उपाध्यक्ष

श्री सुर्य नारायण पाल -वडा अध्यक्ष, वडा नं.१

श्री जग नारायण मेहता -वडा अध्यक्ष, वडा नं.२

श्री अनिल कुमार भगत -वडा अध्यक्ष, वडा नं.३

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७

श्री रुणा देवी दास - कार्यपालिका सदस्य

श्री उषा देवी यादव - कार्यपालिका सदस्य

श्री सुनिता देवी यादव -कार्यपालिका सदस्य

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य

श्री मनोज कुमार भगत -कार्यपालिका सदस्य

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य

श्री महेश कुमार ठाकुर -सदस्य सचिव

**आमन्त्रित:**

श्री डिल्ली प्रसाद पोखेल - प्रशासन शाखा प्रमुख

श्री जनार्दन प्रसाद मेहता -सूचना प्रविधि अधिकृत

श्री बिन्देवर यादव- लेखा अधिकृत

प्रस्तावहरुः

१. समिक्षा सम्बन्धमा ।

२. टयूवेल वितरण सम्बन्धमा ।

३. नमूना आवास सम्बन्धमा ।

४. इन्डक्सन र सुधारिएको चुल्हो वितरण सम्बन्धमा।

५. गाउँसभा सम्बन्धमा ।

६. बिद्यालयको दरबन्दी मिलान सिफारिस समिति गठन सम्बन्धमा ।

७. भु वर्गीकरण सम्बन्धमा ।

८. स्थानीय शासन कार्यसम्पादन मुल्यांकन व्यवस्थापन तथा संचालन (LGPAS )स्वःमूल्याकन समित गठन सम्बन्धमा ।

९. आर्थिक सहयोग सम्बन्धमा ।

१०. पालेको दैनिक खाजा खर्च सम्बन्धमा ।

निर्णयहरुः

**प्रस्ताव नं. १** माथि छलफल गर्दा मिति २०८२/१०/२२ गते बसेको आ.व. २०८२/०८३ को १५ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका अन्तर्गत सातै वडामा गरिव तथा विपन्न नागरिकको लागि खानेपानि टयूवेल वितरण कार्य सम्बन्धित वडा अध्यक्षको सिफारिसमा गाउँपालिका अध्यक्ष ज्यूको आदेश अनुसार वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको चालु आ.व. २०८२।०८३ मा विपन्न तथा सिमान्तकृत समुदायककोलागि नमुना आवास कार्यक्रम यस पालिकाको वडा नं. २, ३, ४ र ६ मध्येबाट कुनै वडामा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा आ.व. २०८१/२०८२ मा यस पालिकाले खरिद गरिएका इन्डक्सन र सुधारिएको चुल्हो वितरण गर्ने कार्य यस पालिकाको वडा नं. ४, ५, ६ र ७ कार्यालयमा भरिएको फारम अनुसार तपसिलका समितले वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

१. सम्बन्धित वडाको वडा अध्यक्ष- संयोजक

२. सम्बन्धित वडाको वडा सचिब — सदस्य

३. सम्बन्धित वडा कार्यालयको कर्मचारी एक जना- सदस्य

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको २० औं गाउँसभा मिति २०८२/१२/०६ गते शुक्रवारको दिन बस्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६** माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका अन्तर्गत संचालित सामुदायिक एवम धार्मिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको दरवन्दी मिलानको लागि सिफारिस गर्न तपसिल बमोजिमको एक दरबन्दी मिलान सिफारिस समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

१. श्री सूर्यनारायण यादव (वडा अध्यक्ष, वडा नं. ७) - संयोजक
२. श्री सुर्य नारायण पाल (वडा अध्यक्ष, वडा नं.१) - सदस्य
३. श्री जग नारायण मेहता (वडा अध्यक्ष, वडा नं.२) - सदस्य
४. श्री अनिल कुमार भगत (वडा अध्यक्ष, वडा नं.३) - सदस्य
५. श्री शुशिल कुमार मेहता (वडा अध्यक्ष, वडा नं. ४) - सदस्य
६. श्री मनोज कुमार मण्डल (वडा अध्यक्ष, वडा नं.५) - सदस्य
७. श्री हरिनन्दन मेहता (वडा अध्यक्ष, वडा नं.६) - सदस्य
८. श्री अनिल कुमार मेहता (ने. शिक्षक संघको पालिका अध्यक्ष) - सदस्य
९. श्री जयनाथ प्रसाद मेहता (ने. शिक्षक संगठनको पालिका अध्यक्ष) - सदस्य
१०. श्री घनश्याम यादब (संघय शिक्षक फोरम ने. पालिका सचिब) - सदस्य
११. श्री बेचन खत्वे (ए. एन्टो पालिका अध्यक्ष) - सदस्य
१२. श्री आशमानी देवी यादव (गाउँ शिक्षा समिति सदस्य ) - सदस्य
१३. श्री बिजय राम (शिक्षा शाखा प्राविधिक ) -सदस्य सचिव

**प्रस्ताव नं. ७** माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका वडा नं. ५ बस्ने रोशन कुमार यादवको मांग निबेदन तथा यस गाउँपालिकाको प्राविधिक शाखाको प्राविधिक प्रतिबेदन र गाउँपालिकाको भु उपयोग मापदण्ड २०७९ अनुसार देवानगञ्ज गाउँपालिका वडा नं. ५ साबिक साहेबगंज-९ नक्सा सिट न. ९क र कित्ता नं. ५७१ आवासिया क्षेत्र वर्गीकरणमा पर्ने भएको हुदाँ सोहि बमोजिमको व्यहोरा नापी कार्यालय इनरुवा र मालपोत कार्यालय इनरुवा लाई जाकारी पठाउने भन्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८** माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकामा स्थानीय शासन कार्यसम्पादन मुल्यांकन व्यवस्थापन तथा संचालन (LGPAS) कार्यविधि २०८२ को दफा १४ अनुसार तपसिल अनुसारको स्वःमूल्याकन समित गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

१. महेश कुमार ठाकुर (प्रमुख प्रशासकीय अधिकृत) - संयोजक
२. डण्डी केशर खनाल ( सामाजिक विकास शाखा ) - सदस्य
३. शुभ नारायण यादव ( आर्थिक विकाश शाखा ) - सदस्य
४. पप्पु कुमार यादव ( पूर्वाधार विकास शाखा ) -सदस्य
५. जिवछ कुमार पंजियार ( बन तथा वातावरण शाखा ) - सदस्य
६. बजरंग गुप्ता (योजना शाखा ) - सदस्य-सचिब

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको तपसिलका बिपन्न व्यक्तिहरु लाई आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| सी.न. | नाम थर | ठेगना | रकम | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १. | रहमान अन्सारी | देवानगंज-२ | ५०,०००/०० | उधार राहत तथा पुन स्थापना खर्च | आगलागि भएको |
| २. | संजय कुमार साह | देवानगंज-७ | १,००,०००/०० | बिधार्थीहरुको छात्र बृति कार्यक्रम वापतको आर्थिक सहुलियत | अध्यन प्रोत्साहन (MD) |

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको तपसिलका पालेमा कार्यारत व्यक्तिहरु लाई दैनिक खाजा वापतको खर्च दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| सी.न. | नाम थर | पद | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | संजय कुमार पाल | पाले | १००/०० | २४ घण्टा पालो पहरा वापत |
| २. | देवानन्द मण्डल | पाले | १००/०० | २४ घण्टा पालो पहरा वापत |